# राष्ट्रहरू: भाग १



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *उत्पत्ति १०:१-१२; उत्पत्ति १२:१-९; १ शमूएल ८:४-१८; मत्ती २०:२५-२८; प्रकाश १८:१-४।*

**याद गर्नुपर्ने पद: "राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। १४ उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन"** *(दानिएल ७:१३-१४)*।

यी पतित, आतङ्कित र ध्वस्त बनाउन आतुर भएका शासकहरूले शासन गरेको पृथ्वीको समस्याको समाधान परमेश्वरमा छ भनेर प्रकाशको पुस्तकले खुलासा गरेको छ। यस संसारका अन्तिम अध्यायहरूमा मानव प्राणीले पुनर्स्थापित जीवनको रूखको फल खान पाउनेछ, श्रापको अन्त्य हुनेछ र हामी फेरि परमेश्वरको सम्मुख उभिन पाउनेछौं। केही हदमा भन्ने हो भने प्रकाशको पुस्तकको उल्टो पुस्तक उत्पत्तिको पुस्तक हो। यस संसारमा पापका समस्याहरू पहिला कसरी विकसित भए भनेर बुझाउन उत्पत्तिको पुस्तक हाम्रो निम्ति अत्यन्तै महत्त्वपूर्ण छ।

दानिएल र प्रकाशका धेरै विषयवस्तुहरूमा सांसारिक सरकार वा राज्यसत्ताको बिगबिगी पनि एक हो। युगौंदेखि मानिसहरूले यस ग्रहलाई नियन्त्रण गर्ने प्रयास गरिरहेका छन्। यस पृथ्वीको सही आधिकारिक शासक परमेश्वर हुनुहुन्छ, र उहाँको भूमिका मानव प्राणीले निभाउन खोजिरहेको छ। यस संसारमा पापले ल्याएको भयानक श्रृङ्खला एक दिन समाप्त हुनेछ र सदाको निम्ति विद्रोहको अन्त्य हुनेछ र अन्तमा आएर धार्मिकताको राज्यले शासन गर्नेछ।

हुन त त्यस क्षणमा पुग्न लामो प्रक्रिया छ। मानव जातिले यस विश्वलाई कब्जा गरेर शासन गर्ने प्रयास हजारौँ वर्षदेखि भइरहेको छ। कतिपय राजनैतिक बहादुरहरूले सारा संसारलाई एकत्रित पारेर विश्व सम्राट वा सुपर पावर हुन प्रयास गरेका थिए र गरि नै रहनेछन्। तर ती मानव प्रयास असफल भएका थिए र असफल नै भइरहनेछ। शक्तिशाली र उच्च आदर्श लिएर शासन गर्ने शासनकर्ताहरूको प्रयास धुजा धुजा भएको छ। आफूले चाहेको आदर्शमा रहन ती शासकहरू भयानक तरिकाले असफल भएका थिए। यस संसारका हजारौँ वर्षको मानवीय इतिहासले अरू केही नभएर असफल राज्यशासन प्रणालीका वियोगहरूको विवरण प्रस्तुत गरिरहेको छ। त्यसको नतिजा हामीले भोगिरहेका छौं। जबसम्म परमेश्वरको अनन्तको राज्यको स्थापना हुँदैन *(दानिएल ७:२७)* तबसम्म यस संसाको स्थिति झन्-झन् खराब हुँदैजानेछ। परमेश्वरले नै यस विश्वलाई ठेगानामा लगाउनुहुनेछ भन्ने आशामा हामी झुण्डिरहेका छौं।

# निम्रोद र निनवे

मानव प्राणीको आदर्श घरको रूपमा अदनलाई सृष्टि गरिएको थियो। जब पापको प्रवेश भयो तब मानव प्राणीलाई अदनको बगैँचा र जीवनको रूखबाट अलग गर्नुबाहेक अरू उपाय थिएन। कमसेकम अहिलेको स्थिति त्यस्तै छ।

अदनको बगैँचाको बाहिर मानव प्राणीले आफ्नो जीवन धान्न र अस्तित्वको निम्ति कडा परिश्रम गर्न आवश्यक थियो। जीवन झन्-झन् कठिन भइरहेको छ। पीडा र निधारमा पसिनाले भिजाएर हामी जिउनुपरेको छ *(उत्पत्ति ३:१६-१९)*। अधिकार सम्पन्न भएको ठीक राजाले बगैँचामा फेरि फिर्ता लानेछ भनेर हाम्रा पहिला बाबुआमाले विश्वास गरेका थिए। अदनको बगैँचाको ढोकामा तिनीहरूले पशुबलिहरू चढाएका थिए। यस पतित मानव प्राणीलाई परमेश्वरले उद्धार गर्नुभएर पहिलाकै स्थितिमा पुर्‍याउनेछन् भन्ने तिनीहरूको आशा थियो।

“अदनको बगैँचाको रमणीय ठाउँबाट मानिसलाई निकालेपछि पनि त्यो बगैँचा यस पृथ्वीमा धेरै समयसम्म थियो।... त्यस बगैँचाको सिमानामा आदम र उनका छोराहरू परमेश्वरको आराधना गर्न आउँथे। त्यहाँ तिनीहरूले परमेश्वरको व्यवस्थाप्रति बफादार हुने प्रतिज्ञालाई पुनर्नविकरण गर्दथे। उहाँको आज्ञा नमान्दा तिनीहरूलाई त्यस बगैँचाबाट निकाला गरिएको थियो। जब संसारमा पापको ज्यादति अति फैलिन्दा र मानिसहरूको दुष्टताले गर्दा यस संसारलाई जल प्रलयबाट नाश गर्न निर्णय गरिएको थियो, जुन हातले यस पृथ्वीमा अदनको बगैँचा रोपिएको थियो त्यही हातले त्यसलाई यस पृथ्वीबाट हटायो। जब अन्तमा संसारको पुनर्स्थापना हुन्छ र नयाँ स्वर्ग र नयाँ पृथ्वीको सृजना हुन्छ *(प्रकाश २१:१)* तब यसलाई सुरुको भन्दा महिमित रूपमा पुनर्स्थापित गरिनेछ।”—एलेन जी. ह्वाइट, *पाट्रियार्क्स एण्ड प्रोफेटस*, पृ. ६२।

जब जलप्रलय समाप्त भयो र पृथ्वीमा फेरि बस्ती भयो तब नयाँ समस्याहरूको समाधान गर्न मानिसहरू एक जुट हुन थाले। त्यसको फलस्वरूप सहरी प्रदेशको सुरु भयो। यसले मानिसहरूको जीवनलाई सहज बनाउन प्रयास गरिएको थियो। गुमाइएको अदनको अवधारणालाई फेरि कब्जा गर्न तिनीहरूले खोजेका थिए।

**पढ्नुहोस्:** **उत्पत्ति १०:१-१२ पढ्नुहोस्। बाइबलमा दिएका विभिन्न मुख्य राजैनैतिक खेलाडीहरूको परिचय दिएको पाइन्छ। तिनीहरूमा निनवे र बेबिलोन पनि हुन्। ती पदहरूबाट हामीले के निश्कर्ष निकाल्न सक्छौं?**

___

___

निम्रोद आदर्श र बहादुर योद्धा थिए भनेर कतिपयले निष्कर्ष निकालेका छन्। मूर्तिपूजकका पुराणका कथाहरूमा विजयी योद्धाहरूजस्तै उनी थिए। उनको बारेमा उनी शक्तिशाली व्यक्ति र परमेश्वरको सामु शक्तिशाली सिकारी भनेर बाइबलले बताउँछ। यो कुनै खास प्रशंसनीय बयान त होइन। आफ्नै अनुमानमा निम्रोद महान् थिए। परमेश्वरको अगाडि भन्ने शब्द उनले उहाँलाई हाँक दिने देखाउँछ। यथार्थमा परमेश्वरको विरुद्धमा विद्रोह फैलिरहेको आभास ती पदहरूले देखाउँछ। त्यो विद्रोह जबसम्म सदाको निम्ति सखाप हुँदैन तबसम्म रहिरनेछ।

**परमेश्वरको विरुद्धमा गरिने पाप हामीले सोचेको भन्दा किन र कसरी चलाकीपूर्ण हुन्छ? यस मानव प्रवृत्तिबाट हामी कसरी जोगिने?**

___

# अब्राहामको बोलाहत

विभिन्न राष्ट्रहरूको उदय उत्पत्तिको दश अध्यायमा उल्लेख गरिएको छ। "राष्ट्रहरू" भन्ने शब्द *गोयिम (goyim)* भनेर हिब्रू भाषामा उलेख गरिएको छ। यसको अर्थ मूर्तिपुजक जातिहरू भन्ने जनाउँछ। मानवजातिचाहिँ भूमि, भाषा, परिवार र राष्ट्रहरूमा विभाजित भएको भनेर उत्पत्ति १०ले हामीलाई बताउँछ *(उत्पत्ति १०:५; साथै प्रकाश १४:६ पनि हेर्नुहोस्)*।

उपर्युक्त धारणाको लगत्तै परमेश्वरले अब्राहामलाई ती राष्ट्रहरूको एकबाट बोलाउनुहुन्छ। अरू राष्ट्र र जातिहरूभन्दा भिन्न हुन उनलाई बोलाइएको थियो।

पढ्नुहोस्: **आफ्नो देशबाट अब्रामलाई (पछि अब्राहाम) परमेश्वरले किन बोलाउनुभयो? उत्पत्ति १२:१-९ पढ्नुहोस्।**

________________________________________________

________________________________________________

अब्राहामबाट एउटा फरक राष्ट्र वा जाति स्थापना गर्ने परमेश्वरको कल्पना थियो। उसको सन्तानबाट निस्केको राष्ट्र अरू मानवीय राज्यहरूको विपरित हुनेथियो। तिनीहरूमा अरू देशहरूको जस्तै राजा हुनेथिएन, तर परमेश्वर आफै राजा हुन चाहनुभएको थियो। यदि मानवजाति सृष्टिकर्तामा फर्क्यो भने के हुनेछ भनेर अब्राहामको सन्तानले देखाउनुपर्थ्यो। यस पृथ्वीका सारा परिवारहरूको निम्ति इस्राएल आशिष्‌को मूल हुनुपर्थ्यो *(उत्पत्ति १२:३)*। जल प्रलयभन्दा अघिदेखि नदेखेका परमेश्वरका आत्मज्ञानको ज्योति र अवसरहरू खन्याउनुभएको तिनीहरूले देख्ने भएका थिए।

पढ्नुहोस्: **अब्राहामका सन्तान वा इस्राएलीहरूमार्फत परमेश्‍वरले गर्नुभएको प्रतिज्ञा पूरा भएको थियो भनेर मोशाद्वारा परमेश्‍वरले इस्राएलीहरूलाई कसरी बताउनुभएको थियो? हेर्नुहोस्, व्यवस्था ४:५-९।**

---

---

यहाँ एक्लो व्यक्तिले परमेश्‍वरको निम्ति गवाही दिइरहेको थिएन, तर सारा *राष्ट्र* नै गवाही हुन पुगेको थियो। जब तिनीहरू एक आपसमा मिलेर र परमेश्‍वरसँग सहकार्य गर्छन् तब तिनीहरूले परमेश्‍वरको प्रताप र महिमालाई देखाउन सक्थ्यो। यो पनि याद गर्नुहोस्, जुन वचन तिनीहरूसँग बोलिएको थियो, त्यो केवल विधिविधान र न्यायको बारेमा मात्र थिएन; परमेश्‍वरले तिनीहरूलाई ती विधिविधानहरू दिनुभएकोले तिनीहरू विशेष राष्ट्र त भएकै थिए, तर ती विधिविधानहरूलाई पालन गर्दा अरू देशका मानिसहरूले के भन्नेछन् सो तिनीहरू सजग हुनुपर्थ्यो। तिनीहरूलाई देखेर अरूहरूले यसरी प्रशंसा गर्न सक्नुपर्थ्यो भनेर मोशाले तिनीहरूलाई यो सुनाएको थियो, "अवश्य यस महान् जातिका मानिसहरू खूबै बुद्धिमान् र समझदार रहेछन्" *(व्यवस्था ४:६)*। ती इस्राएलीहरूलाई दिएको अचम्मको सत्य र आत्मज्ञानलाई तिनीहरू पालन गर्न असफल भए भने तिनीहरूले आफैमा आशिष्‌को सट्टा श्राप निम्त्याउँथे, जीवनको सट्टा मृत्युलाई निम्त्याउँथे।

**सेभेन्थ-डे एड्भेन्टिस्ट चर्चलाई परमेश्‍वरले अचम्मका शिक्षा दीक्षा र नीतिहरू दिनुभएको छ। तिनीहरूलाई जानेर मात्र होइन पालन गर्नु पनि अपरिहार्य छ भनेर आजका एड्भेन्टिस्टहरूले कसरी सिक्ने?**

---

# तिनीहरूले जे मागे त्यही देऊ

जब इस्राएल राज्य स्थापना भयो त्यस बेला अरू देशहरूमा जस्तै कुनै मानवीय राजा हुनुहुँदैनथ्यो। शमूएल अगमवक्ता न्यायकर्ता थिए। त्यस समय परमेश्वरमाथि रहेको इस्राएलीहरूको विश्वास र भरोसा लडबडिएको थियो। तिनीहरूले परमेश्वरलाई भन्दा अरू मूर्तीपूजा गर्ने राष्ट्रहरूको देखासिकी गर्न चाहेका थिए।

पढ्नुहोस्: **१ शमूएल ८:४-१८ पढ्नुहोस्। इस्राएलका अगुवाहरूले अरू देशको जस्तै राजा आफ्नो देशमा पनि भएको भए कस्तो राम्रो हुन्थ्यो भन्ने धारणामा किन जिद्दी गरे? हामी पनि अरूहरूको देखासिकी गर्ने प्रवृत्तिबाट कसरी जोगिने?**

______________________________________________

______________________________________________

इस्राएलका अगुवाहरूले अरू देशको जस्तै राजाको माग गर्दा आफ्ना जनहरूमाथि परमेश्वरले प्रभुत्व गर्नुभएको तिनीहरूले नचाहेका थिए भन्ने तथ्यलाई हामीले बुझ्नु जरुरी छ। परमेश्वरकै नेतृत्वमा स्थापना भएको इस्राएलका सबै गतिविधिहरू उहाँको रेखदेखमा हुन्थे। परमेश्वरसँग तिनीहरूको सम्बन्ध कस्तो थियो भनेर पवित्र स्थान र त्यसमा गरिने विधि वा सेवाकार्यहरूले देखाएको थियो। राजा पाउन अनुरोध गर्दा अरू अन्यजाति राष्ट्रहरूले जस्तै दुःख तिनीहरूमा पनि आइपर्थ्यो। सेनाहरू राजासँग युद्धमा जानुपर्थ्यो, जनताका सम्पत्तिहरूमा राजाको अधिकार हुन्थ्यो, कर तिर्नुपर्थ्यो, र अरू जनतालाई दुःख दिने काममा तिनीहरू मुछिनेथिए। राजाहरूले आफ्नै फाइदाको निम्ति जनतामाथि शासन गर्नेछ भनेर तिनीहरूले अनुभव गर्नुपर्नेथियो। ती राजाहरू परमेश्वर जस्तै उदार र न्यायी नहुने भनेर तिनीहरूले पत्ता लगाउनेथिए।

फेरि नयाँ व्यवस्थापन स्थायी हुनेछ: इस्राएलीहरूले के चाहेका थिए सो तिनीहरूले पाउनेथिए। जब तिनीहरूको मागले तिनीहरूलाई पतित बनाउँथ्यो तब त्यसबाट तिनीहरू उम्किन नसक्ने हुनेथिए। "त्यस दिन तिमीहरूले नै रोजेको

राजाले तिमीहरूलाई दुःख दिँदा तिमीहरूले चित्कार गर्नेछौ, तर प्रभुले तिमीहरूको चित्कारलाई सुन्नुहुनेछैन” *(१ शमूएल ८:१८ रूपान्तरित)*।

आफ्ना जनहरूका कमीकमजोरीहरू परमेश्वरलाई थाहा थियो। इस्राएलीहरूले मानव राजाको माग गर्दा तिनीहरूमा कस्तो स्थिति आइपर्नेथियो सो उहाँले भविष्यवाणी गर्नुभएको थियो। इस्राएलको पवित्र इतिहास तिनीहरूका निर्णयले गर्दा तिनीहरूले भोगेका बेहालको विवरणले भरिएको छ।

परमेश्वरले तिनीहरूलाई राजा दिन्छु भनेर भन्नुभएको थिएन तर तिनीहरूले राजा चाहेको निर्णय गरेका थिए। मानव राजा वा शासकहरूद्वारा ल्याइने खराबहरूबाट आफ्ना जनहरूलाई परमेश्वरले रक्षा गर्न चाहनुभएको थियो। हेर्नुहोस्, व्यवस्था १७:१४-२०। तर उहाँको जाति राजा वा मानवीय शासकहरूबाट सुरक्षित हुने परमेश्वरको योजनालाई प्रायः जसो बेवास्ता गरेकोले वा गरिरहेकोले विश्वको इतिहास कहालीलाग्दो भइरहेको छ।

इस्राएलको इतिहासलाई सरसर्ती हेर्दा तिनीहरूले राजाहरूलाई रोज्दा राजाका शासनहरूमा तिनीहरूको स्थिति कस्तो कहालीलाग्दो भएको हामीले हेर्न सक्छौं। हुन त कतिपय राजाहरू असलै थिए, तैपनि असल राजाहरूले पनि गल्ती नै गरेका थिए (जस्तै दाऊद र बतशेबा)। तर प्रायः जसो एकपछि अर्को राजाले परमेश्वरको सामु दुष्ट भएको विवरण बाइबलले खुलाएको छ *(१ राजा ११:६: १ राजा १५:२६; १ राजा १६:३०; २ राजा ३:२ आदि)*।

पहिला होस् वा अहिले पनि सबै मानवीय शासक वा सरकारहरूमा एउटै साझा तत्त्व भएको पाउँछौं: पापीहरूले पापीहरूलाई नै शासन गरिरहेका छन्। *त्यस परिवेशमा हामीले के असल अपेक्षा गर्न सक्छौं र?*

# अन्यजाति वा सनातन सृष्टिकर्ता परमेश्वरलाई विश्वास नगर्ने शासकहरू

परमेश्वरले इस्राएलसँग गर्नुभएको कारोबारले नयाँ करारको चर्चसँग उहाँले गर्नुभएको कारोबारको प्रशस्त ज्ञान वा जानकारी हामीलाई उपलब्ध गराएको छ। अझ भन्नुपर्दा इस्राएल राष्ट्रका अनुभवहरूले चर्चले गर्ने गलत कामहरूको पूर्वचित्रण गरेको थियो। आजको चर्च पौराणिक इस्राएलभन्दा धेरै उत्तम छैन भन्न सकिन्छ किनकि पौराणिक इस्राएलका परीक्षा वा शैतानले ल्याउने खतराहरूको सामना गर्न वाध्य भइरहेको छ।

पढ्नुहोस्: **मत्ती २०:२५-२८ पदहरू पढ्नुहोस्। इसाई चर्चको स्थापना भएपछि त्यहाँ गर्नुपर्ने कार्यकलापमा इसाईहरू संलग्न हुनु स्वभाविकै हो। चर्चमा कामको सिलसिलामा विभिन्न तहका कार्यकर्ताहरू हुनु जरुरी छ। तिनीहरूको बीचमा तँछाडमछाड वा प्रतिस्पर्धाको भावना र हैकमवाद चलाउनुहुन्न भनेर येशूले कस्तो निर्देशन दिनुभएको छ?**

इस्राएलीहरूले मानव राजाको माग गरेका थिए। त्यो माग पूरा हुँदा इस्राएल राष्ट्रकै नैतिक पतन हुन अग्रसर भएको थियो। जब राजाहरू झन्-झन् दुष्ट भए र जनताहरूलाई पनि दुष्टताको बाटोमा अग्रसर गराए तब बेबिलोनीहरू आएर तिनीहरूलाई युद्धबन्दी बनाएर लैजान परमेश्वरले अनुमति दिनुभएको थियो। तिनीहरू सुधारिएका होऊन् भनी त्यो कदम चालिएको थियो।

इसाई चर्चको इतिहासमा त्यही खालको मामिला भएको पाइन्छ। अनेकौँ शासकहरूको अन्तर्गत इसाईहरूले भयानक यातना भोगिरहेका थिए। इसाईहरू अन्यजातिको जस्तो संरचना नगर्नुपर्नेथियो। तापनि रोमको सम्राट् कन्स्टेन्टिनले आफू इसाई भएको दाबी गर्दै रोममा राज्य गरेका थिए। तब इसाईहरू अब सास्ती भोग्नुपर्दैन भन्ने राहतको महसुस गरेका थिए। त्यो त आशिष्को कुरो त थियो,

तर चर्चले आफ्नै फाइदाको निम्ति सम्राट्लाई प्रयोग गर्ने निर्णय गर्दा चर्चमा धेरै विसङ्गतिहरू उत्पन्न हुन थालेको थिए।

चौथो शताब्दीमा इसाईहरूको बिचमा धेरै मतभेद भएको थियो। ती मतभेदहरूलाई चर्चले सुल्झाउन असमर्थ भएको थियो। तब ती इसाईहरूले ती मतभेदहरू सुल्झाउन सम्राट्को हस्तक्षेपको माग गरे। त्यसले इसाईहरूको मतभेदमा सम्राट्ले हस्तक्षे गर्न अवसर मिलेको थियो। त्यस बेलादेखि बिस्तारै रोमको एक बिशपले प्रमुख स्थान लिए। त्यस बेलासम्म त्यो बिशप अरू बिशपहरूमा केवल एक अग्रज बिशप मात्र थिए। धार्मिक क्रियाकलापमा हस्तक्षेप गर्न सम्राट्लाई चर्चले आग्रह गर्‍यो। जब चर्चको ढोकामा राज्य सरकारले खुट्टा हाले तब इसाई इतिहास खराबबाट झन् खराबमा खस्किन थाल्यो।

इसाई इतिहासमा धेरै अन्धकारहरू भित्रिन थाले। जब इसाई आस्था र सांसारिक सरकारको बिचमा सम्झौता भयो, तब इसाई आत्मिक इतिहासमा अन्धकारै अन्धकारले राज गर्न थाल्यो र गरि पनि रहेका छन्। पौराणिक इस्राएल जब मूर्तीपूजामा लाग्न थाल्यो तब उनका राजाहरू शक्तिको भोको भएर भ्रष्ट हुन थालेका थिए। तिनीहरू यतिसम्म पतित र घटिया भएका थिए कि तिनीहरूले बालबालिकाहरूलाई मूर्तिको अगाडि नरबली दिन थालेका थिए। चर्चले पनि बिस्तारै मूर्तीपूजा गर्ने राष्ट्रका धर्म, संस्कार वा चालचलनमा लाग्दा लाखौँ येशूभक्तहरू शहीद हुन पुगेका थिए, मानौँ तिनीहरू नरबलीको शिकार भएका थिए। मानवीय शासकको आडमा पोपको चर्चको निम्ति तिनीहरूचाहिँ एक खतरा भएका देखिएकोले येशूलाई मात्र विश्वास गर्नेहरूलाई निर्मम यातना दिएर मारेका थिए। (चार करोडभन्दा बढी इसाईहरूलाई इसाई भनाउँदाहरूले हत्या गरेका थिए भनेर इसाई इतिहासले बताउँछ)।

**तपाईंको संस्कार, समाजमा भएका चालचलनहरूले हाम्रो आस्थाको गौरवलाई धाल्न कस्ता-कस्ता घुसपैठ भइरहेको हुन्छ?**

________________________________________

# अन्य जातिहरूका बीचमा ज्योति

यथार्थमा भन्ने हो भने परमेश्‍वरले इस्राएल राष्ट्र स्थापना गर्नुको मुख्य लक्ष्यचाहिँ बाँकी संसारलाई दोषी ठहराउनु होइन तर उद्धार गर्नु हो। हामीभन्दा धर्मात्मा, असल आचरण भएको र गुणिलो व्यक्ति हामीले भेट्यौं भने हामी त्यो व्यक्तिभन्दा असल नभएको र दोषी भएको महसुस त गर्छौं नी। त्यसै गरी, इस्राएल राष्ट्रको अस्तित्वले त्यसको वरिपरि रहेका राष्ट्रहरूका पाप र स्वार्थपनालाई औँल्याएको थियो वा औँल्याउनुपर्नेथियो। येशूप्रति मोह हुने आस्थावान् व्यक्तिहरू र उहाँसङ्ग तालमेल गरेर बस्ने भक्तहरूले परमेश्‍वरको धर्मी र असल चरित्र, स्वभाव र मिजासहरूलाई उल्लेखनीय रूपमा देखाइरहेका हुन्छन्। त्यसले गर्दा तिनीहरूसँग सम्पर्क आउने व्यक्तिले आफूमा केही न केही कमी भएको महसुस गर्नु स्वभाविकै हो। वास्तविक रूपमा भन्ने हो भने, जो मानिसहरू परमेश्‍वरका आज्ञाहरू पालन गरेर *(प्रकाश १४:१२)* जीवन निर्वाह गर्छन्, तिनीहरू उहाँका चरित्र, स्वभाव र मिजासहरू प्रदर्शन गरिरहने हुनुपर्छ।

परमेश्‍वरले निर्देशन गर्नुभएको अनुसार इस्राएलीहरू चलेका भए तिनीहरूका वरिपरि रहेका राष्ट्रहरूले तिनीहरूसँग शान्तिसम्झौता गर्थे र तिनीहरूको परमेश्‍वरको बारेमा बढी जानकारी लिइरहन्थे। तर दुःखलाग्दो कुरो त जसरी बेबिलोनले इस्राएलमा हमला गरेर त्यहाँका मानिसहरूलाई युद्धबन्दी बनाएर लगे, त्यो देशका छिमेकी राष्ट्रहरूले त्यससँग युद्ध गर्न तम्सेका थिए।

परमेश्‍वरको स्वभाव, चरित्र र मिजासलाई अन्तिम रूपमा प्रदर्शन गर्न येशू ख्रीष्ट आउनुभएको थियो। उहाँ मात्र मानव प्राणी हुनुहुन्थ्यो जसले परमेश्‍वरको चरित्रलाई सिद्ध र परिपक्व रूपमा देखाउनुभएको थियो। उहाँको सिद्ध र परिपक्व उदाहरणले मानिसहरूका हृदयमा आफू पापी र दोषी भएको महसुस गराउने कुराद्वारा नै परमेश्‍वरको प्रेमप्रति लालायीत हुन आह्वान गर्ने उहाँको कामना थियो *(यूहन्ना ३:१६-२१)*।

इस्राएल राष्ट्रको स्थापनाको जुन आखिरी लक्ष्य थियो, सेभेन्थ-डे एड्भेन्टिस्ट चर्चलाई स्थापना गर्नु त्यही परमेश्‍वरको आखिरी लक्ष्य हो: उहाँका जनहरू येशूतिर तानिऊन् भन्ने उहाँको तीव्र चाहना हो। उहाँको सेभेन्थ-डे एड्भेन्टिस्ट चर्चलाई तीन स्वर्गदूतहरूका सन्देश दिनुहुँदा केवल थोरै चुनिएका व्यक्तिहरू मात्र होइन

तर प्रत्येक राष्ट्र, जाति, भाषा र मानिस *(प्रकाश १४:६)* उद्धार पाऊन् भनेर प्रचार गरिनुपर्नेथियो। येशूको दोस्रो आगमनभन्दा पहिले सारा पृथ्वी नै परमेश्वरको महिमा र तेजले प्रज्वलित हुनेछ भनेर प्रकाश १८:१ले भविष्यवाणी गर्दछ।

**कस्तो हुनुपर्छ: परमेश्वरका सेभेन्थ-डे एड्भेन्टिस्ट जनहरूको भूमिका यस संसारमा कस्तो हुनुपर्छ भन्ने उहाँको चाहनालाई देहायका पदहरूले कसरी खुलासा गरिएको छ? सेभेन्थ-डे एड्भेन्टिस्ट भनेर दाबी गर्ने प्रत्येक भक्तले बप्तिस्माको समयमा शपथ खाएअनुसार त्यसलाई कसरी उपयोग गर्न सक्नुपर्छ?**

*(क) गन्ती १४:१७-२१* ______________________________

____________________________________________

*(ख) यशैया ४२:६; यशैया ४९:५-६; यशैया ६४:३* ________________

____________________________________________

*(ग) प्रकाश १८:१-५* ______________________________

____________________________________________

**प्रकाश १८:१-४मा परमेश्वरले आफ्ना जनहरूलाई बेबिलोनबाट निस्केर आऊ भनेर आह्वान गर्नुहुन्छ। यो निस्कने प्रक्रिया कसरी हुन सक्छ? हामी बेबिलोनमा नभएको चर्चले बेबिलोनबाट परमेश्वरका जनहरूलाई निकाल्न परमेश्वरले हामीलाई कसरी प्रयोग गर्न सक्नुहुन्छ?**

____________________________________________

**थप जानकारी:** यशैया ४४:२४-४५:१३ पढ्नुहोस्।

"अलि अलि गरेर लुकीछिपी पहिला चुपचाप अनि त्यसपछि खुला रूपमा मानिसहरूका दिमाग र तिनीहरूका बललाई नियन्त्रण गर्दैजाने रहस्यमय दुष्टताले भरिएको शैतानको चालबाजी छ। मानिसहरूलाई अनेकौँ धोखापूर्ण काममा लगाउन र ईश्वर-निन्दामा फसाउन शैतान खप्पिस भएको छ। चालै नदिईकन सनातन परमेश्वरप्रति विरोधी धर्मका संस्कारहरू इसाई चर्चमा घुसेको थियो र घुसि नै रहेको छ। सम्झौताद्वारा र मूर्तीपुजाका संस्कारहरूसँग मिलोमत्तो हुँदा केही समय चर्चले मूर्तीपूजक सम्राट्हरूका भयानक सतावत र यातनाहरूबाट राहत त पाएको थियो। जब सतावत रोकियो तब इसाई चर्च देशका अदालत र राजाहरूका दरबारमा घुस्न थालेको थियो। येशू ख्रीष्ट र उहाँका चेलाहरूका सरलता र नम्रतालाई पन्छाइएको थियो। त्यसको ठाउँमा मूर्तीपूजक पूजारी, महन्त र शासकहरूको रवाफ र गौरवहरू इसाई अगुवाहरूमा सजिन पुगेको थियो। इसाई चर्चमा परमेश्वरको चाहना वा आज्ञा विपरित मानवीय दर्शन र परम्पराहरू अड्डा जमाउन थालेका थिए। रोमको सम्राट् कन्स्टेन्टाइन नाम मात्रको वा विकासे इसाई थिए। चौथो शताब्दीमा उनले इसाई मत मानेको भनेर घोषणा गर्दा सबै इसाईहरू हर्षित भएका थिए। धर्मको खोल लगाएको सांसारिक तत्त्वहरू चर्चमा घुसेका थिए। त्यसको फलस्वरूप चर्च द्रुतगतिमा भ्रष्ट हुन थालेको थियो। मूर्तीपूजा गर्ने धर्म अलप भएको देखाए तापनि इसाई चर्चमा बाइबलसँग नमिल्ने संस्कारहरूले विजय पाएका थिए। बेबिलोनी चालचलनले नै चर्चलाई नियन्त्रण गरेको थियो। उनको शिक्षा दीक्षा, उत्सवहरू, विधिहरू र अन्धविश्वासहरू इसाई आस्थामा मिसाएका थिए। इसाई हुँ भनेर दाबी गर्नेहरूले बेबिलोनी धर्म र संस्कारहरूलाई इसाई धर्मको खोल लगाएर भित्र्याएका थिए।"—एलेन जी. ह्वाइट, द *ग्रेट कन्त्रोभर्सी*, पृ. ४९, ५०।

यदि हामीले येशू ख्रीष्ट र उहाँका चेलाहरूका सरलता र नम्रतालाई पन्छाएर बस्यौं र चर्चमा रवाफिलो हुने, शक्ति वा अधिकार वा आफ्नो भाउ खोज्ने, सम्मान र कदर खोज्ने जस्ता सांसारिक प्रवृत्तिहरूले हाम्रो धार्मिक क्रियाकलाप वा मिजासमा अड्डा जमाउन दियौं भने, हामी हरदम शैतानको पासोमा पर्न अग्रसर भइरहेका हुन्छौं।

## छलफलको लागि प्रश्नहरू:

१. जब परमेश्वरले उहाँका जनहरूलाई बेबिलोनमा निर्वासनमा पठाउनुभयो तब त्यो उहाँकै लागि पनि पीडादायी थियो। परमेश्वरले कल्दी वा आफ्नो देश*बाट* अब्राहामलाई *बाहिर* बोलाउनुहुँदा उहाँले यस ग्रहको निम्ति ज्योति हुन एक ज्याति बनाउन करार बाँध्नुभएको थियो। अब तिनीहरू सिक्रीले बाँधिएर विदेशमा युद्धबन्दी र शरणार्थी भएर बस्न पुगेका थिए। यदि इस्राएलीहरू बफादारी भएका भए, तिनीहरू के हुनेथिए भनेर तिनीहरूलाई परमेश्वरले देखाउनुभएको थियो। परमेश्वरको अस्तित्वलाई स्वीकार नगर्ने राजा नबूकदनेसर अन्तमा ख्रीष्टको अस्तित्वलाई स्वीकार्न पुगेका थिए *(दानिएल ४)*। तिनीहरूको युद्धबन्दी समाप्त हुने समयमा परमेश्वरले फारसका एक जना राजालाई येशूको प्रतिकको रूपमा खडा गराउनुभएको थियो। आफ्ना जनहरूलाई उहाँले स्वतन्त्र पार्नुभयो र प्रतिज्ञा गरिएको देशमा फर्काउनुभएको थियो। कोरेस वा साइरस यहूदी थिएनन् तैपनि उनबाट परमेश्वरले संसारलाई मुक्तिको योजना देखाउनुभएको थियो। आफूले करार बाँधेका जनहरू यरूशलेममा फर्केर परमेश्वरको योजनाअनुसार चलेका भए के हुनेथियो भनेर उहाँले देखाउन चाहनुभएको थियो। अहिले पनि परमेश्वरले इस्राएल जाति*बाट बाहिरका* मानिसहरूलाई प्रयोग गर्नुभएको परिवेशमा उहाँले मानव प्राणीलाई कुन दृष्टिकोणले हेर्नुहुँदोरहेछ भन्ने पाठहरू हामीले कसरी सिक्ने?

२. हामी बेबिलोनमा नहोला, तर हामीमा कति बेबिलोन हुन सक्छ? हामीमा नै बेबिलोनको संस्कार भित्रिएको छ भने, त्यसको पहिचान कसरी गर्ने? त्यसलाई हामीले कसरी परिवर्तन गर्ने?

## चर्च स्थापना गर्ने जस्तो नभए तापनि

*लेखक:* आन्ड्रयु मेकचेस्नी

जब सुनिता सेभेन्थ-डे एड्भन्टिस्ट दुलाहा मनोजलाई विवाह गरिन् तब उनको नयाँ परिवारले उनी स्वतः सेभेन्थ-डे एड्भेन्टिस्ट हुनेछिन् भनेर सोचेको थियो। एशियन संस्कारमा श्रीमान्ले जे भन्छन् त्यही श्रीमतीले पनि गर्छिन्। मनोज र उनका बाबुआमाले सुनिता येशूलाई विश्वास गर्नेछिन् भनेर सोचेका थिए। तर उनले त्यसप्रति चासो देखाइनन्।

जब उनका सासू र ससुराले उनी अझै पनि मूर्तिपूजा गरिरहेकी देखे, तिनीहरूले उनलाई येशूको बारेमा बताउन कोसिस गरे। सासू, ससुरा र श्रीमान् एउटै घरमा बस्दथे। जब सासू ससुराले पारिवारिक आराधनाको लागि सुनितालाई बोलाइन् तब उनले चासो देखाइनन्। कसैले पनि उनलाई आराधना गर्न कर गरेन र उनले आराधनाको समयबाट टाढा रहन प्रयास गरिन्।

एक वर्षपछि सुनिता र मनोज सानो गाउँबाट ठूलो सहरमा सरे। मनोजले आफ्नी श्रीमतीलाई मूर्तिपूजा गर्नबाट रोक्न प्रयास गरे।

"हाम्रो परिवारले मूर्तिपूजामा विश्वास गर्दैनौं। यो ठिक छैन। तिमीले पनि पूजा नगर्नू," मनोजले सुनितालाई सम्झाउन खोजे।

तर सुनितालाई मूर्तिपूजाबाहेक अर्को विकल्प थाहा थिएन, र मनोजले पनि मूर्तिपूजा नगर्न बलजफती गरेनन्। जब समय बित्दैगयो सुनिताले दुई छोराहरू जन्माइन्। अनि उनी सख्त बिमार भइन्।

"तिमीले धेरै पूजाआजा गर्‍यौं र औषधीहरू पनि खायौ तर केहीले पनि सहयोग गरेन। कमसेकम एक पटक त एड्भेन्टिस्ट चर्चमा जाऔँ," मनोजले अनुरोध गरे।

सुनिताले उम्कने बाटो देखिनन्। उनी बिरामी भएकोले उनको निको हुने आशा डुबेको थियो। उनी पहिलो पटक चर्चमा गएकी थिइन्।

जब चर्चमा गइन्, सुनितालाई धेरै राम्रो लाग्यो। सेवाकार्य अङ्ग्रेजीमा भए तापनि उनले अलिकति भए पनि बुझिन्। चर्चका परिवारले उनलाई न्यानो गरेर अभिवादन गरेकोले उनलाई आनन्द लाग्यो। अर्को हप्ता पास्टरलाई प्रार्थनाको सूचीमा उनको नाउँ पनि लेख्न उनले अनुरोधन गरिन्। प्रार्थनापछि सुनितालाई हल्का भयो। उनको स्वास्थ्यमा सुधार हुँदैआयो र अन्तमा उनी पूरै निको भइन्।

चार वर्षसम्म सुनिता चर्च गइन्। जब उनको भाषा बोल्ने सह पास्टर चर्चमा काम गर्न आए तब उनले बाइबल अध्ययन गरिन् र बप्तिस्मा लिइन्। त्यसै समयदेखि उनले प्रार्थना गर्न थालिन्, "हे प्रभु तपाईंलाई म सेवा गर्न सकूँ।"

केही वर्षपछि ग्लोबल मिसन पायोनियरले सुनितालाई चर्च स्थापना गर्ने काममा निम्तो दियो। उनी खुशीसाथ त्यसलाई स्वीकार गरिन्। आज उनी उनको जिल्लाको विपन्न क्षेत्रमा चर्च स्थापना गर्न अगुवाइ गर्छिन्। उनले मानिसहरूका निम्ति प्रार्थना गर्न थालिन्। जब उनका प्रार्थनाहरूका जवाफहरू उनले पाइन, अरूहरूले पनि तिनीहरूका लागि प्रार्थना गर्न अनुरोध गर्न थाले। पन्द्र जनाले बप्तिस्मा लिए।

"म मेरो आस्थाबाट बाहिर आएर सत्य परमेश्वरलाई आराधना गर्नेछु भनेर मैले कहिले पनि सोचेकी थिइनँ। उहाँकै इच्छाले मलाई निकालेर ल्याउनुभयो र उहाँको महिमाको निम्ति उहाँले मलाई प्रयोग गरिरहनुभएको छ," मुस्कुराउँदै शबाथमा उनी काम गरेको ठाउँमा जाने एड्भेन्टिस्ट मिसनका संवाददातालाई सुनाइन्।